# फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिका बैठक

आ.व. २०८०/८१ को बैठक संख्याः ११

मिति २०८०/११/१३

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपशिलः

अध्यक्ष श्री बृज हाङ आङदेम्बे

उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङ

वडा अध्यक्ष श्री होम प्रसाद आङ्देम्बे

वडा अध्यक्ष श्री सन्तोष कुमार नेम्बाङ

वडा अध्यक्ष श्री दल बहादुर नेम्बाङ

वडा अध्यक्ष श्री विष्णु कुमार चेम्जोङ

वडा अध्यक्ष श्री नारायण प्रसाद आङदेम्बे

वडा अध्यक्ष श्री देउ कुमार आङदेम्बे

का.वा.वडा अध्यक्ष श्री धन कुमार तामाङ

सदस्य श्री विमला लिम्बू

सदस्य श्री आइतमायाँ लिम्बू

सदस्य श्री कमला पराजुली दुलाल

सदस्य श्री हर्कमायाँ नेपाली

सदस्य श्री टंक परियार

सदस्य श्री जसिमायाँ कमिनी

सदस्य-सचिव श्री निर्मल तुम्रोक

| | |
|---|---|
| प्रस्ताव नं. १. | अघिल्लो कार्यपालिकाको निर्णय समिक्षा सम्बन्धमा। |
| निर्णय नं. १. | प्रस्ताव नं. १ माथी छलफल गर्दा अघिल्लो कार्यपालिकाको बैठक मिति २०८०/१०/२८ गते बसेको थियो। उक्त बैठकमा गाउँसभामा पेश हुने विविध समितिहरुको प्रतिवेदन तथा गाउँसभाको सञ्चालनका लागि विभिन्न निर्णयहरु गरिएको थियो। गाउँसभा सफलता पुर्वक सम्पन्न भइसकेको छ। यस अघिका विभिन्न मितिमा बसेको कार्यपालिकाको कार्यान्यन हुन बाकी निर्णयहरुलाई तदारुकताका साथ कार्यान्वयनमा जोड दिने निर्णय पारित गरियो। |
| प्रस्ताव नं. २. | प्रसुति केन्द्र सुदृढीकरण कार्यक्रम सम्बन्धमा। |
| निर्णय नं. २. | प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाको प्रसुति केन्द्र/स्वास्थ्य चौकीलाई सुदृढीकरण गर्दै सुलभ र भरपर्दो प्रसुति सेवा पुर्याउन गत वर्षदेखि संघीय विशेष अनुदान मार्फत प्रसुति केन्द्र सुदृढीकरण कार्यक्रम सञ्चालन भइरहेको छ। गत आ.व. २०७९/८० मा प्रसुति केन्द्रको लागि आवश्यक सामाग्रीहरु सबै प्रसुति केन्द्रमा पुर्याइ सकिएको छ। तसर्थ चालु आ.व. २०८०/८१ को लागि संघीय सशर्त विशेष अनुदान मार्फत गाउँपालिकाको प्रसुति केन्द्र सुदृढीकरण कार्यक्रमको लागि प्राप्त भएको बजेटबाट प्रसुति केन्द्रको लागि व्यवस्थित र पर्याप्त भवन नभएका वडा नं. ३ र अर्को पहिलो प्राथमिकतामा वडा नं. ४ त्यहाँ जग्गा अपुग भएमा वडा नं. २ मा प्रसुति केन्द्र भवनको नर्म्स अनुसारको ४ कोठे भवन निर्माण गर्ने निर्णय पारित गरियो। |
| प्रस्ताव नं. ३. | वडा नं. ५ को वडा कार्यालयको भवन निर्माणका लागि जग्गा अधिग्रहण सम्बन्धमा। |
| निर्णय नं. ३. | प्रस्ताव नं. ३ माथि छलफल गर्दा फाल्गुनन्द गाउँपालिका वडा नं. ५ को वडा कार्यालय भवन निर्माण कार्य भइरहेकोमा साविक फाक्तेप गाविसको नाममा रहेको जग्गा अपुग हुने भएकोले थप २-०-०-० रोपनी जग्गा अधिग्रहण गर्नका लागि वडा कार्यालयको निर्णय सहित पेश हुन आएको निवेदन सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ५ (१) बमोजिम प्रारम्भिक कारबाही चलाउने अधिकारीका रुपमा अधिकृत छैटौं, इन्जिनियर श्री अंकित कुमार निधिलाई तोक्ने निर्णय गरियो। |
| प्रस्ताव नं. ४. | शिक्षाको सशर्त अनुदान कार्यक्रमको लागि विद्यालय छनौट सम्बन्धमा। |
| निर्णय नं. ४. | प्रस्ताव नं. ४ माथी छलफल गर्दा चालु आ.व. २०८०/८१ को लागि प्राप्त भएको संघीय सशर्त अनुदानका तपशिल बमोजिमको कार्यक्रमहरुको लागि देहाय बमोजिमका विद्यालयहरुलाई छनौट गर्ने निर्ण पारित गरियो।<br><u>तपशिल:</u><br>१. श्री जलसिं मावि, फाल्गुनन्द-३ — विज्ञान प्रयोगशाला — रु. ६५०००० ।-<br>२. श्री घुर्बिसे पञ्चमी मावि, फाल्गुनन्द-५ — विज्ञान प्रयोगशाला — रु. ६५०००० ।-<br>३. श्री सिद्धेश्वरी मावि, फाल्गुनन्द-१ — ICT — रु. ६५०००० ।-<br>४. श्री जाल्पादेवी आवि, फाल्गुनन्द-४ — ICT — रु. ६५०००० ।-<br>५. श्री ज्योती मावि, फाल्गुनन्द-७ — पुस्तकालय — रु. ६५०००० ।- |
| प्रस्ताव नं. ५. | युवा स्वयं सेवक परिचालन सम्बन्धमा। |

| | |
|---|---|
| निर्णय नं. ५. | प्रस्ताव नं. ५ माथी छलफल गर्दा गाउँपालिकालाई वालश्रम मुक्त घोषणा गर्नका लागि यस अघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पेश गरिएको प्रस्ताव स्वीकृतिको चरणमा रहेको छ। उक्त कार्यक्रम सञ्चालनको लागि गाउँपालिकामा विद्यमान वालश्रम सम्बन्धी तथ्याङ्क संकलन गर्नु पर्ने भएकोले युवा परिषद् मार्फत फागुन २४, २५ र २६ गते युवा स्वयं सेवक परिचालन कार्यक्रम सञ्चालन हुने भएकोले प्रत्येक वडा बाट ६/६ जना इच्छुक युवाहरुको नामावली वडाले गाउँपालिकामा उपलब्ध गराउने निर्ण पारित गरियो। |
| प्रस्ताव नं.६. | खेलकुद सहायता सम्बन्धमा। |
| निर्णय नं.६. | प्रस्ताव नं. ६ माथी छलफल गर्दा गाउँपालिकाबाट स्वीकृत खेलकुद सहायता शिर्षकबाट भुक्तानी हुने गरी तपशिल बमोजिमको समुह/ल्कवहरुलाई सहायता उपलब्ध गराउने निर्णय पारित गरियो।<br>तपशिलः<br>१. पाँचथर फुटवल क्लव, फिदिम-१, रु. ५००००।-<br>२. नाम्सामी केसामी केलाङ संस्था, फाल्गुनन्द-४ रु. १०००००।- |